कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

दैलेख,नेपाल

## मुख्यमन्त्री दलित आय आर्जन प्रबर्द्धन कार्यक्रम संचालन सम्बन्धि सुचना

**प्रथम पटक प्रकाशित मिति २०७८।११।२३**

कणाली प्रदेश सरकारले गरिब, बेरोजगार तथा बिपन्न दलितको परम्परागत पेशा वा व्यवसायलाई आधुनिकिकरण गर्दै आयआर्जन क्षमता बिकास गर्न चालु आ व.२०७८।०७८ मा देहाएका कार्यक्रमहरु यस उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलय दैलेख द्धारा संचालन गर्न लागेको हुदाँ यस कार्यक्रममा सहभागी हुन चाहने दैलेख जिल्ला भित्रका इच्छुक दलित ,दलित समुदाय तथा दलितलाई बित्तिय पहुँच सेवा दिन इच्छुक ब्यक्ति /सहकारी संस्थाले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध) दिन भित्र देहाय बमोजिमका कागजात संलग्न राखि उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय दैलेख वा सम्बन्धित स्थानिय तहको उद्योग बिकास शाखामा आवेदन दिन हुन मुख्य मन्त्री दलित आयआर्जन प्रर्बद्धन कार्यक्रम संचालन कार्यविधि ,२०७८ को दफा ८ को उपदफा २ बमोजिम यो सुचना प्रकाशन गरिएको छ ।

कार्यालय प्रमुख

कार्यक्रमहरु

| क.स | कार्यक्रम | आबश्यक लाभग्राही संख्या |
|---|---|---|
| १ | सिप बिकास तालिम कार्यक्रम (माग अनुसारको) | कम्तिमा ६०(साठी) जना |
| २ | सामग्री तथा पुर्वाधार सहयोग कार्यक्रम | प्राप्त निबेदनको आधारमा संख्या तोकिने |
| ३ | बित्तिय पहुँच सहयोग कार्यक्रम | प्राप्त निबेदनको आधारमा संख्या तोकिने |

### आबश्यक कागजातहरु

### १ सीप बिकास तालिम कार्यक्रमको लागी पेश गर्नु पर्ने आबश्यक कागजातहरु

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) सम्बन्धित निर्वाचन क्षेत्र भित्र कम्तीमा ६ महिना अगाडी देखि बसोवास गरेको ,समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको ,बिपन्न नागरीक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको भए सो ब्यहोराको स्थानिय तहको सिफारिश ।

ग) कार्यविधिको अनुसचि ३ बमोजिमको परियोजना प्रस्ताव

घ) सिप बिकास तालिम कार्यक्रमका लागी परम्परागत पेशा वा ब्यवसायमा संलग्न भएको प्रमाण र तालिम पछि आयआर्जन ब्यवसायमा संलग्न हुने कबुलियतनामा

नोट : आवेदन फारम कार्यालय वा सम्बन्धित तहको उद्योग विकास शाखा बाट निशुल्क प्राप्त गर्न सकिने छ ।

## थप जानकारीका लागी

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यलय दैलेखका निम्न फोन नम्बरहरुमा मा सम्पर्क गन सकिनेछ

कार्यालयको नम्बर ०८९-४२०१३६
कार्यालय प्रमुख ९८५८०३०१३६
सुचना अधिकारी ९८५८०८०१३६
परशुराम आचार्य ९८४८३०००८८
रनकुमारी थापा ९८४४८९५१०४
इमेल ठेगाना csidbdailekh1@ gmail.com

**२ सामाग्री तथा पुर्वाधार सहयोग कार्यक्रमका लागी पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) सम्बन्धित निर्वाचन क्षेत्र भित्र कम्तीमा ६ महिना अगाडी देखि बसोवास गरेको ,समान प्रकृतिको कार्यक्रम बाट लाभ प्राप्त नगरेको ,बिपन्न नागरीक भएको र परम्परागत रुपमा पेशा गर्दै आएको भए सो ब्यहोराको स्थानिय तहको सिफारिश पत्र ।

ग) कार्यबिधिको अनुसचि १ बमोजिमको ब्यवसायिक योजना ,लागत साझेदारी प्रस्ताव , ब्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण पत्रको प्रतिलिपी ।

घ) कार्यबिधि को अनुसुचि ३ बमोजिमको परियोजना प्रस्ताव ।

ङ) पेशा ब्यवसायलाई आधुनिकीकरण गर्न आबश्यक मेशिन उपकरण वा पुर्वाधार निमार्णको ब्यवसायिक प्रस्ताब ।

च) दलितलाई संगठित गरी साम्मुहिक रुपमा उत्पादन तथा आयआर्जनका क्रियाकलाप ब्यवस्थित रुपमा संचालन गर्न आवश्यक पुर्वाधार निर्माण सम्बन्धि आयोजना प्रस्ताब ।

छ) सिप अभिबृद्धी तालिम प्राप्त गरी रोजगारीमा आवद्ध हुन चाहने लाभग्राहीले आवश्यक सामग्री वा उपकरण खरिद तथा उद्योग स्थापना प्रस्ताब ।

ज) लाभग्राहीलाई संगठित गरी सामुहिक स्तरमा आयआर्जनका क्रियाकलाप संचालन गर्न सहयोग पुग्ने सहकारी ,साझेदारी उद्योग वा ब्यवसाय सम्बन्धी साझेदारीयुक्त लागत प्रस्ताब ।

झ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तीमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णको प्रतिलिपि र सदस्यको नामावली ।

ञ) पेशा वा ब्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

**३ बित्तिय पहुँच सहयोग कार्यक्रमका लागी सहकारीले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

क) सहकारी संस्थाको संस्था दर्ता प्रमाण पत्र ,बिनियम,पछिल्लो लेखा परिक्षण प्रतिबेदन र करचक्ता प्रमाण पत्तको प्रतिलिपि ।

ख) कार्यबिधिको अनुसचि १ कमोजिमको ब्यवसायिक योजना र अनुसुचि ४ बमोजिको प्रतिबद्धता प्रत्र ।

ग) सहकारी संस्थाको साधारण वा संचालक समिति बाट बिउ पुंजी रकम प्राप्त गरी आयआर्जन कार्यक्रममा अधिकतम परिचालन गर्ने ब्यहोराको निर्णयको प्रतिलिपि ।

घ) सहकारी संस्थाको कार्यक्षेत्र, बित्तिय क्षमता ,सेयर सदस्य संख्या र संगठनात्मक संचनाको बिवरण खुलेको कागजात ।

ङ) पेशा वा ब्यवसायलाई निरन्तरता गर्ने प्रतिबद्धता पत्र ।

**४ बित्तिय पहुँच सहयोग कार्यक्रमका लागी ब्यक्तिले पेश गर्नु पर्ने आवश्यक कागजातहरु**

क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी ।

ख) अनुसुचि ३ अनुसारको आबेदन ।

ग) कार्यबिधिको अनुसचि १ कमोजिमको ब्यवसायिक योजना लागत साझेदारी प्रस्ताव ,सम्बन्धित पेशा ब्यबसायको तालिम लिएको प्रमाण प्रत्र ,ब्यवसाय दर्ता प्रमाण पत्र र करचुक्ता प्रमाण प्रत्रको प्रतिलिपी ।

घ) पेशा ब्यवसयालाई आधुनिकीकरण गर्न आबश्यक मेशिन उपकरण वा पुर्वाधार निर्माणको ब्यवसायिक प्रस्ताब ।

ङ) समुहगत लाभग्राहीको हकमा प्रत्येक समुहमा फरक फरक घरपरिवारका कम्तिमा १५ जना लाभग्राही समेटीएको समुहको निर्णयको प्रतिलिपी र सदस्यको नामवली

च) पेशा वा ब्यवसायलाई निरन्तरता गर्ने लिखित प्रतिबद्धता ।

कर्णाली प्रदेश सरकार
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय

दैलेख,नेपाल

प.स ०७८।०७९
च.न १०८०

मिति २०७८।११।२३

**बिषय : सुचना पठाइएको बारे ।**

**श्री** महाँबु गाउँ कार्यपालिकाको कार्यालय,
दैलेख

यस कार्यलयको चालु आ.व.२०७८।०७९ को स्विकृत बार्षिक कार्यक्रम अनुसार संचालन गरिने मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम अर्न्तगत सिप बिकास तालिम ,सामाग्री तथा पुर्वाधार निमार्ण कार्यक्रम र बित्तिय पहुँच कार्यक्रम सम्वन्धिको सार्वजनिक सुचना यसै पत्र साथ संलग्न गरि पठाइएको छ तहाँ कार्यालयको सुचना पाटीमा टासँ गरि जानकारी पठाइदिन हुन अनुरोध छ ।

कार्यालय प्रमुख
कार्यालय प्रमुख

इमेल ठेगाना csidbdailekh1@ gmail.com